जि.प्र.का. सप्तरी द.नं. २२/०४८/०४९

स.नि.हु.का.द.नं. ५/०६४/०६५

# राजविराज दैनिक

वर्ष ३२ अंक २८६ २०८० साल असार ८ गते शुक्रबार (23 June 2023 Friday) मूल्य रु. ५/-

Log in : rajbirajdainik.com.np

हावाहुरीबाट बचौं र बचाऔं

➢ घरको संरचना बलियो बनाऔं,
➢ हावाहुरी चल्न थालेपछि झ्यालढोका थुनौं,
➢ छानालाई राम्ररी हुक तथा तारले कसेर बाधौं,
➢ छतका गमला सुरक्षित रुपमा राखौं,
➢ जस्तापातालगायतका वस्तुहरु खुल्ला र जथाभावी नछोडौं,
➢ हावाहुरी चलेमा भागदौड नगरौं, बिस्तारै सुरक्षित स्थानमा जाऔं,
➢ सुरक्षित ओत नभेटे थुचुक्क बसेर दुवै हातले टाउँको छोपी घोप्टो परौं,
➢ हावाहुरी चलेको समयमा सवारी साधन रोकेर सुरक्षित स्थानमा बसौं।

हावाहुरीबाट हुने क्षति कम गर्न पूर्व तयारी एवं सतर्कता अपनाऔं।

जनहीतका लागि

यस अंक भित्र : २ पृष्ठमा : वैदेशिक सहयोग समेत... ३ पृष्ठमा : पूर्ण विद्युतीकरण प्रदेश ... ३ पृष्ठमा भारत-अमेरिका साझेदारीले दिगो,...

# कृषि विश्वविद्यालयको सिनेटको बैठकबाट विभिन्न प्रस्ताव पारित

## रिसर्चको काम समेत सुरुवात गर्ने सहमति



**दैनिक समाचारदाता**
**राजविराज, ७ असार ।**

मधेश कृषि विश्वविद्यालय सभाको दोश्रो सिनेटको बैठक बिहीबार राजविराजमा सम्पन्न भएको छ ।

विश्वविद्यालयका सहकुलपति एवं मधेश प्रदेश सरकारका शिक्षा तथा समाज कल्याण मन्त्री महेश प्रसाद यादवको अध्यक्षतमा सम्पन्न सो बैठकले चार वर्षे कृषि स्नातक बिएसी एजी शैक्षिक कार्यक्रमको विद्यार्थी भर्ना सम्बन्धी कार्यविधि २०७९ र विषयगत शिक्षक करार सेवा व्यवस्थापन सम्बन्धी कार्यविधि २०७९ लाई अनुमोदन गरेको छ ।

बैठकले शैक्षिक सत्र २०७९/८० मा संचालित चार वर्षे स्नातक बिएसी एजी शैक्षिक कार्यक्रम र कक्षा संचालन, विश्वविद्यालय संचालनका लागि तत्काल आवश्यक शिक्षक, कर्मचारी, दरबन्दी तथा भर्ना, कृषि संकायको चार वर्षे स्नातक तहको पाठ्यक्रमलाई पनि स्वीकृति प्रदान गरिएको छ ।

यसैगरि प्रदेश कृषि विश्वविद्यालयको नाम प्रदेश सभाबाट मधेश कृषि विश्वविद्यालय ऐन २०७९ अनुसार मधेश कृषि विश्वविद्यालय कायम भएकोले सोही बमोजिम सबै दस्ताबेजहरुमा नाम संशोधनको प्रस्ताव पारित गरिएको छ । जग्गा व्यवस्थापन तथा श्रोत जुटाउने सम्बन्धी प्रस्तावलाई पनि स्वीकृति प्रदान गरिएको बैठकका अध्यक्ष एवं शिक्षा मन्त्री यादवले जानकारी दिए ।

सोही बैठकले विश्वविद्यालयमा रिसर्चको काम समेत सुरुवात गर्ने सहमति दिइएको मन्त्री यादवले बताए ।

बैठकमा कृषि विश्वविद्यालयका उपकुलपति तथा सदस्य सचिव डा. बैद्यनाथ महतोले विश्वविद्यालयको प्रगति विवरण तथा प्रस्तावहरु प्रस्तुत गरेका थिए । सिनेटको बैठकमा मधेश कृषि विश्वविद्यालयका सदस्यहरु नाथुप्रसाद चौधरी, लक्ष्मी प्रसाद भट्राई, प्रेम प्रसाद भट्राई, नम्रता सिंह, जगन्नाथ प्रसाद जैसवाल, राजविराज नगरपालिकाका कार्यवाहक प्रमुख एवं विश्वविद्यालयका सदस्य इसरत परबिन लगायतको सहभागिता रहेको थियो ।

# भारतीय चलचित्रको प्रदर्शनमा बाधा नगर्नु : उच्च अदालत

काठमाडौँ, ७ असार (रासस) ।

उच्च अदालतले पाटन काठमाडौँ महानगरपालिकाको भारतीय चलचित्रको प्रदर्शनमा रोक लगाउने निर्णय कार्यान्वयन नगर्न अल्पकालीन अन्तरिम आदेश जारी गरेको छ । महानगरले गत सोमबारदेखि भारतीय चलचित्रको प्रदर्शनमा रोक लगाउन गरेको निर्णयविरुद्धको नेपाल चलचित्र सङ्घको तर्फबाट उच्च अदालतमा प्रितम घिमिरेले रिट दर्ता गर्नुभएको थियो ।

रिटउपर सुनुवाई गर्दै न्यायाधीश धीरबहादुर चन्दको एकल इजलासमा निषेधाज्ञा हटाउन र भारतीय चलचित्रको प्रदर्शनमा बाधा नगर्नु र नगराउनु भनी अल्पकालीन अन्तरिम आदेश जारी भएको अदालतका उपरजिष्ट्रार तथा प्रवक्ता मन्दिरा शाहीले जानकारी दिनुभयो ।

"छलफलका लागि दुवै पक्षलाई असार १२ गतेका लागि बोलाइएको छ । उक्त समयसम्म भारतीय चलचित्रको प्रदर्शनमा रोक नलगाउन अल्पकालीन अन्तिम आदेश दिइएको छ", प्रवक्ता शाहीले भन्नुभयो ।

महानगरपालिकाले भारतीय चलचित्र 'आदिपुरुष' मा 'सीता भारतीय छोरी हुन्' भन्ने आशयको संवाद मूल संस्करणमा नसच्याएको भन्दै गत सोमबारदेखि १७ चलचित्र भवनमा भारतीय चलचित्रको प्रदर्शनमा रोक लगाएको थियो ।

महानगर प्रमुख बालेन्द्र शाहले भने सामाजिक सञ्जालमार्फत देशको सार्वभौमिकता र स्वाधीनताको कुरा आए कानुन र अदालतलाई नमान्ने टिप्पणी गर्नुभएको छ ।

"जहाँ सवाल देशको सार्वभौमिकता र स्वाधीनताको आउँछ म कुनै कानुन र अदालतलाई मान्नेवाला छैन । चलचित्रका लेखकले नेपाल भारतको अधिनमा थियो भनिसकेपछि उनीहरूको नियत थाहा हुन्छ । यसका लागि जुनसुकै सजाय भोग्न तयार छु, तर चलचित्र चल्दैन र चल्न दिइनेछैन", प्रमुख शाहले उल्लेख गर्नुभएको छ ।

# सप्तरीमा गाउँसभा सम्पन्न गर्ने छिन्नमस्ता पहिलो

**दैनिक समाचारदाता**
**राजविराज, ७ असार ।**

छिन्नमस्ता गाउँपालिको १० औं गाउँसभा बिहीबार सम्पन्न भएको छ । विगतमा यस गाउँपालिकाले समयमै गाउँसभा सम्पन्न गर्न नसकेको अरोप खेपिरहेको बेला यस वर्ष समयमै गाउँसभा सम्पन्न गरेर जिल्लामै पहिलो भएको छ ।

जिल्ला समन्वय समिति सप्तरीका सभापति शिवनारायण साहको प्रमुख आतिथ्य तथा गाउँपालिका अध्यक्ष विद्यानन्द चौधरीको अध्यक्षतमा सम्पन्न गाउँसभाले शिक्षा, स्वास्थ्य, कृषी, पुर्बाधार बिकास, खानेपानी, बताबरण संरक्षण, कृषि उत्पादन तथा व्यबसायिकरण लगायतलाई प्रमुख प्राथमिकता राखेको छ ।




गाउँपालिका अध्यक्ष चौधरीले विगतमा यस पालिकामा तपसिलका विषयहरुमा ध्यान दिन नसक्दा यस पटक सोही विषयहरुलाई प्रमुखतामा राखेर काम गर्ने योजना बनाएको दृढता व्यक्त गरे । आगामी वर्षका लागि ३४ करोड ८३ लाख २३ हजारको अनुमानित बजेट गाउँसभाबाट पारित गरिएको छ ।

# नागरिकता ऐन कार्यान्वयनको बाटो खुल्यो

काठमाडौँ, ७ असार (रासस) ।

नागरिकता ऐन कार्यान्वयनको बाटो खुलेको छ । सर्वोच्च अदालतले नागरिकता विधेयक प्रमाणीकरणविरुद्ध यसअघि दिएको अन्तरिम आदेशलाई निरन्तरता नदिएसँगै कार्यान्वयनको बाटो खुलेको हो ।

बिहीबार न्यायाधीशद्वय आनन्दमोहन भट्टराई र कुमार रेग्मीको इजलासले यसअघिको अन्तरिम आदेशलाई निरन्तरता नदिने निर्णय गरेको हो । यसअघि जेठ २१ गते न्यायाधीश डा मनोजकुमार शर्माको इजलासले कारण देखाउ र अल्पकालीन अन्तरिम

*बाँकी अन्तिम पृष्ठमा*

मेनरोडमा कोठा भाडामा चाहिए सम्पर्क गरौं

राजविराजको मुख्य बजार क्षेत्र मेनरोड राजविराज-४ स्थित कामना सेवा विकास बैंकको माथिल्लो तल्लामा कोठाहरु खाली रहेकाले बैंक, वित्तिय संस्था, सहकारी संस्था, विमा कम्पनी तथा व्यवसायीक प्रयोजनका लागी आवश्यक परे सम्पर्क गर्नु होला ।

**सम्पर्क नम्बर : ९८४२८२१०८२/९८१९७२५०८२**

भू-क्षय न्यूनीकरणका उपाय अपनाऔं

➢ गाउँघरका माथिल्लो भागमा कुलो बनाई पानीको उचित निकास दिऔं।
➢ घरभित्र वा वरिपरिको जमिन चिरा परेको भए सुरक्षित स्थानमा बसौं।
➢ नदी वा खोलामा बाढी आएमा तल्लो भागमा बस्ने जनसमुदायलाई सूचना दिऔं।
➢ भूकम्पले चिरा पारेको छ भने त्यस्तो स्थानलाई टालौं र सजगता अपनाऔं।
➢ भौगोलिक अवस्था विचार गरेर मात्र बाटो, कुलो वा नहर जस्ता संरचना बनाऔं।

भू-क्षयबाट बचौं र बचाऔं।

नेपाल सरकार
विज्ञापन बोर्ड

## सम्पादकीय

# विद्युत अनियमित हुँदै गएको प्रति ध्यान पुगोस

गर्मी बढेपछि विद्युत अनियमित हुदै गएको छ। विद्युत अनियमित हुँदा पंखा, कुलर, एसी लगायतका विद्युतीय उपकरणहरु नचल्दा मानिसहरुको हाल बेहाल भएको छ। यता विद्युत आएपनि भोल्टेज नहुनाले उपभोक्ता अत्यन्त मारमा पर्दै आएका छन्। केही दिनदेखी बढेको गर्मीका कारण मानिसहरु विद्युती उपकरणबाट शरीरलाई सितलता प्रदान गरिरहेका छन्। विद्युत नहुँदा गर्मीले मानिसहरुमा छटपटाहट भइरहेको हुन्छ। सितलताका लागि अहिले मानिसहरुले अत्याधिक रुपमा विद्युतीय उपकरण नै प्रयोग गर्ने गरेका छन्।

विद्युतिय उपकरणहरुको मर्मत नगर्दा कुनै पनि बेला विद्युत अवरुद्ध भइरहनाले उपभोक्ताहरु मारमा पर्दै आइरहेका छन। यसप्रति कुनै सरोकारवालाको ध्यान पुग्न सकेको छैन्। वर्षौदेखी त्यही उपकरणलाई जडान गरि कामचलाउ तरिकाले मर्मत गरि संचालनमा आएका त्यस्ता उपकरण कामै नलाग्ने हुँदा समेत प्राधिकरणले कुनै वास्ता गरेको देखिन्न्। प्राधिकरणले सेवाग्रहीलाई समयमै आफ्नो मर्मत सम्भारको काम गर्नुपर्ने दायित्व बोध हुनु जरुरी छ।

तसर्थ प्राधिकरणले आफ्नो मातहतका निकायमा पहल गरि उपकरण मर्मतका लागि आवश्यक पहल तथा विद्युत नियमित गर्नका लागि आवश्यक कदम चाल्नु आवश्यक छ।

# वैदेशिक सहयोग समेत खर्च भएन !

**नारायण न्यौपाने**

काठमाडौँ, ७ असार (रासस)।

प्रदेश र स्थानीय तहले आवश्यक चासो र ध्यान नपुऱ्याएका कारण लोकतान्त्रिक पद्धति सुदृढीकरण र शासकीय सुधार क्षमता अभिवृद्धि कार्यक्रमका लागि प्राप्त वैदेशिक सहयोगको ठूलो अंश खर्च नभएको तथ्य सार्वजनिक भएको छ।

सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय मातहत सञ्चालनमा रहेको प्रदेश तथा स्थानीय शासन सहयोग कार्यक्रम (पिएलजीएसपी) को ठूलो रकम खर्च हुन नसकेको हो। आर्थिक वर्ष २०७६/७७ देखि २०७९/८० सम्म उक्त कार्यक्रम सञ्चालनका लागि रु १४ अर्ब ९५ करोड रकम व्यवस्थापन गरिएकामा गत चैतसम्म रु तीन अर्ब २३ करोड ८७ लाख मात्र खर्च भएको राष्ट्रिय कार्यक्रम निर्देशक व्यवस्थापक भूपेन्द्र सापकोटाले जानकारी दिनुभयो। प्रदेश तथा स्थानीय सहयोग कार्यक्रम सङ्घीय सुशासनमा केन्द्रित सरकारको मुख्य राष्ट्रिय कार्यक्रम हो।

मुलुक आर्थिक सङ्कटको चुनौतीसँग जुधिरहेका बेला वैदेशिक सहयोगमा सञ्चालित कार्यक्रमका लागि प्राप्त अनुदानसमेत खर्च हुन नसक्नुलाई प्राथमिकता प्राप्त कार्यक्रममै तीन तहकै सरकारको आवश्यक चासो र ध्यान नपुगेको घटनाका रुपमा हेरिएको छ।

लक्षित कार्यक्रम सञ्चालनका लागि कतिपय प्रदेश र स्थानीय तहले तोकिएको समयमा सहयोग लिन नआएका तथा केहीले सहयोग लिएर पनि सही ढङ्गले प्रयोग नगरेकाकारण अनुदान बेरुजु हुन पुगेको छ।

कानुनको मस्यौदा तर्जुमा, अन्तर-सरकारी संयन्त्र स्थापना, सार्वजनिक वित्त व्यवस्थापन, विद्युतीय सुशासन र जवाफदेही तुल्याउन क्षमता अभिवृद्धि गराउने अर्थात् खासगरी प्रदेश र स्थानीय तहमा संस्थागत संरचना सुदृढ तुल्याउने सन्दर्भमा कार्यक्रम लक्षित छ।

प्रदेश र स्थानीय दुवै तहमा जनप्रतिनिधि, संरचना र त्यहाँ काम गर्ने जनशक्ति नयाँ भएकाले सबै पक्षमा क्षमता अभिवृद्धि गर्ने कार्यक्रमको उद्देश्य हो। उक्त कार्यक्रमका लागि सरकारबाट रु तीन अर्ब ४५ करोड र संयुक्त राष्ट्रसङ्घ, युरोपियन युनियन, नर्वेलगायत नेपालका विकास साझेदार संस्थाबाट रु ११ अर्ब ५० करोड अनुदान उपलब्ध छ। सो रकममध्ये सङ्घीय सरकारलाई रु एक अर्ब ८९ करोड ७५ लाख, प्रदेशलाई रु सात अर्ब २२ करोड २० लाख र स्थानीय तहका लागि रु पाँच अर्ब ८३ करोड पाँच लाख बजेट व्यवस्थापन गरिएको थियो।

कार्यक्रमले नयाँ संरचनाका लागि आवश्यक ऐन तथा नीति निर्माण, अन्तर सरकारी संयन्त्रको सवलीकरण, सार्वजनिक वित्त व्यवस्थापन सुदृढीकरणसहित १४ वटा उपलब्धिको अपेक्षा गरे पनि खास गरी संविधानअनुरुप सङ्घीय शासन प्रणालीलाई टेवा पुग्ने गरी सबै तहका सरकारी निकाय र अन्तर सरकारी संयन्त्रलाई पूर्ण क्रियाशील बनाइने लक्ष्य राखेको छ।

त्यस्तै प्रदेश र स्थानीय तहमा दक्ष, प्रभावकारी, समावेशी र उत्तरदायी संस्थागत संरचना तयार गरिने तथा कार्यक्रम कार्यान्वयनसँगै निर्वाचित जनप्रतिनिधि र कर्मचारीबाट सेवा प्रवाह प्रभावकारी हुने अपेक्षा छ। मन्त्रालयका सचिवको अध्यक्षतामा बसेको राष्ट्रिय कार्यान्वयन समिति र राष्ट्रिय वित्तीय जोखिम परामर्श उपसमितिको पछिल्लो बैठकले कार्यक्रमको हालसम्मका उपलब्धि, लक्षित नतिजा हासिल गर्न गरिएका प्रयासको समीक्षा गर्दै आगामी दिनमा कार्यक्रमलाई थप नतिजामुखी तुल्याउन हरसम्भव प्रयास गर्ने अठोट लिएको छ।

सातौँ बैठकका निर्णय कार्यान्वयन र भावी कार्ययोजना, चालु अवधिको प्रगति विवरण, आगामी आवका लागि प्रस्तावित बजेट कार्यक्रम र तेस्रो पक्षबाट प्रस्तुत अनुगमन मूल्याङ्कन प्रतिवेदनमा सो अवसरमा विस्तृत एवं गहन छलफल भएको व्यवस्थापक सापकोटाले बताउनुभयो।

कार्यक्रम कार्यान्वयनको अवधि समाप्त हुन लागे पनि सहयोग रकमको ठूलो अंश खर्च नभएको परिप्रेक्ष्यमा आगामी एक वर्षलाई सङ्क्रमणकालीन वर्षका रुपमा अघि बढाउने र त्यसपछि सरोकारवाला पक्षसँगको बृहत् छलफलका आधारमा नयाँ कार्ययोजना र ढाँचा निर्क्यौल गरिने बताइएको छ।

कार्यक्रमले लैङ्गिक समानता र सामाजिक समावेशिता, नवप्रवर्तन साझेदारी केन्द्र स्थापना र नागरिक सहभागिता अभिवृद्धिमा समेत दुवै तहका सरकारलाई सहयोग पुऱ्याउँदै आएको छ। उक्त कार्यक्रमले प्रदेश र स्थानीय तहमा सङ्घीयताको संस्थागत विकास र सुदृढीकरणका लागि सहकारी सङ्घीयताको भावनाअनुरुप साझा संरचना प्रदान गर्दैआएको छ। कार्यक्रम सङ्घ, प्रदेश तथा स्थानीय तहको संस्थागत, सङ्गठनात्मक र व्यक्तिगत क्षमता विकासमा केन्द्रित छ।

कार्यक्रम कार्यान्वयन भएपछि प्रदेश तथा स्थानीय सरकार क्रियाशील, दिगो, समावेशी र जवाफदेही भई सञ्चालन हुने लक्ष्य निर्धारण गरिएको छ। उक्त कार्यक्रमबाट दुवै तहको शासन प्रणाली र प्रक्रिया एवं अन्तरसरकारी सम्बन्ध सुदृढ भई नागरिकका लागि लाभ प्राप्त गर्ने अपेक्षा गरिएको छ।

चालु अवधिमा सङ्घीय निकायबाट प्रदेश तथा स्थानीय तहका लागि धेरै नमूना कानुन र निर्देशिका निर्माण गरिएका छन भने स्थानीय र प्रदेशमा राजस्व सुधार र क्षमता विकास तथा अवधिक योजना तयारजस्ता कार्यक्रम उद्देश्य प्राप्ति गर्ने ढङ्गबाट अघि बढेको जानकारी दिइयो।

ऐन, कानुन, निर्देशिका तर्जुमा तथा योजना तयार, सुशासन प्रवर्द्धन, वित्तिय प्रणाली सुधार, सूचना प्रविधि सवलीकरण, क्षमता अभिवृद्धि कार्यक्रम, नवप्रवर्तन साझेदारी कोषलगायतका विषयसँग सम्बन्धित ७१ हजार जनशक्तिलाई क्षमता अभिवृद्धि तालिम प्रशिक्षण प्रदान गरिएको उपसचिव सापकोटाले जानकारी दिनुभयो।

# नयाँ आवधिक योजनाका लागि सुझाव संकलन थालियो

काठमाडौँ, ७ असार (रासस)।

राष्ट्रिय योजना आयोगले १६औँ आवधिक योजनाको अवधारणपत्र तयार पार्नका लागि सुझाव सङ्कलन थालेको छ।

आयोगले बुधबारदेखि विभिन्न क्षेत्रका विषय विज्ञसँगको छलफल गरी सुझाव लिइरहेको छ। बिहीबार पनि चलेको छलफलमा योजना आयोगका पूर्वउपाध्यक्ष, पूर्वसदस्य, अर्थविद्हरू, नेपाल सरकारका बहालवाला तथा पूर्वसचिव तथा विभिन्न विषय विज्ञ सहभागी छन्।

बिहीबारको छलफलमा सहभागी विज्ञहरूले राष्ट्रिय योजना आयोगले बनाउने १६औँ आवधिक योजनाले सङ्घीयताको संरचनाअनुरुप योजना तर्जुमा हुनुपर्नेमा जोड दिनुभएको छ। प्रदेश र पालिकाको जिम्मेवारी तथा उपस्थितिलाई समेत विचार गरेर योजना तर्जुमा गरिनुपर्ने विज्ञहरूको सुझाव छ। प्रदेश र पालिकाका योजनाहरूलाई डोऱ्याउन सक्ने गरी योजना तयार पार्नसके मात्र त्यसलाई सङ्घीयताअनुरुप सबै तहले अवलम्बन गर्न सक्ने विज्ञहरूको तर्क छ।

योजना आयोगका उपाध्यक्ष डा मीनबहादुर श्रेष्ठका अनुसार विषय विज्ञहरूले दिएको सुझावलाई समेत आधार मानी १६औँ योजनाको अवधारणापत्र तयार हुनेछ। उहाँका अनुसार साउन पहिलो साताभित्रै यसलाई अन्तिम रूप दिने गरी काम भइरहेको छ। विसं २०८१ साउनदेखि कार्यान्वयनमा जाने १६औँ आवधिक योजना आगामी माघ महिनाभित्रै अन्तिम रूप दिएर प्रकाशन गर्ने आयोगको तयारी छ।

बिहीबारको छलफलमा प्रधानमन्त्री कार्यालयका सचिव एकनारायण अर्याल, श्रम तथा रोजगार मन्त्रालयका सचिव केवलप्रसाद भण्डारी, संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालयका सचिव सुरेश अधिकारी, पूर्वमहान्यायाधिवक्ता रमेश बडाल, आयोगका पूर्वसदस्यहरू डा चन्द्रमणि अधिकारी, डा गणेश गुरुङलगायत सहभागी हुनुहुन्थ्यो।

त्यसैगरी, अर्थमन्त्रालका पूर्वआर्थिक सल्लाहकार डा सुरेन्द्र उप्रेती, पूर्वसचिवहरू पुरुषोत्तम ओझा, यमकुमारी खतिवडा, केदारबहादुर अधिकारी, पूर्णचन्द्र भट्टराई, गोपीनाथ मैनाली, विषयविज्ञहरू डा विश्वास गौचन, चन्द्र ढकाल, राष्ट्रिय सहकारी महासङ्घका अध्यक्ष मीनराज कँडेललगायतको उपस्थिति थियो।

विज्ञहरूले आयोगको भूमिका थप बलियो बनाउनुपर्नेमा जोड दिनुभएको छ। त्यस्तै, आगामी आवधिक योजना सङ्घीय मात्र नभई राष्ट्रिय योजना हुनुपर्ने, पञ्चवर्षीय योजना कार्यान्वयनको कुन वर्ष कति काम गर्ने भनेर छुट्टिनु पर्ने लगायतका सुझाव आएका छन्। पञ्चवर्षीय योजनाको प्रचार नभएको उल्लेख गर्नुहुँदै विज्ञहरूले तीनवटै तहका सरकार र सरोकारवाला निकायसम्म पुग्नुपर्नेसमेत सुझाव दिनुभएको छ। नीति निर्माण र यसको कार्यान्वयनमा समन्वयसमेत नभएको भन्दै कतिपय विज्ञहरूले यसका लागि आयोगले नेतृत्वदायी भूमिका लिनुपर्ने धारणा राख्नुभएको छ।

यससँगै २०७८ को जनगणनालाई दृष्टिगत गर्दै योजना बनाउनुपर्ने, निजी क्षेत्रको लगानी बढाउने नीतिको पहल आयोगले

*बाँकी तीन पृष्ठमा*

डा. ललन प्रसाद रौनियार
Dr. Lalan Prasad Rauniyar
MBBS (BPKIHS) Dharan, MD Paediatrics
(BPKIHS) Dharan, NMC Reg. No. : 13338
कन्सलटेन्ट बाल रोग विशेषज्ञ

डा. सन्तोष प्रसाद शाह
Dr. Santosh Prasad Sah
MBBS (T.U.), MD Internal Medicine
(NAMS, Bir Hospital Kathmandu)
NMC Reg. No. : 15019
कन्सलटेन्ट फिजिसियन

डा. यमेश यादव
Dr. Yamesh Yadav
MBBS (T.U), MS (Nobel Medical College, K.U.)
General and Laproscopic Surgeon
NMC Reg. No. : 16392
जेनरल सर्जन

डा. सरोज कुमार साह
Dr. Saroj Kumar Sah
MBBS, MS Orthopaedics (BPKIHS) Dharan
Fellowship in Hand Surgery (CMC Vellore)
NMC Reg. No. : 13288
हाड जोर्नी, नशा तथा बाथ रोग विशेषज्ञ

डा. जयन्ती यादव
Dr. Jayanti Yadav
M.B.B.S. MD (Obstetrician and Gynaecologist)
हाल कार्यरत गजेन्द्र नारायण सिंह अस्पताल राजविराज
NMC Reg No. : 15312
बरिष्ठ स्त्री तथा प्रसुती रोग विशेषज्ञ

सम्पर्क :
कृताञ्जली मेडिकल हँल
राजविराज
Mo. No : 9842830252, 9804605569

# पूर्ण विद्युतीकरण प्रदेश घोषणाको तयारी

राजु विश्वकर्मा
वीरगञ्ज, ७ असार (रासस)।

मधेस प्रदेशको शतप्रतिशत गाउँबस्तीमा विद्युत् सेवा पुगेको छ। प्रदेशका सबै टोलबस्तीमा विद्युत् सेवा पुगेसँगै मधेस प्रदेशलाई पूर्ण विद्युतीकरण प्रदेश घोषणा गर्ने तयारी गरिएको छ।

विद्युत प्राधिकरण मधेस प्रदेश प्रादेशिक कार्यालय जनकपुरधामका प्रमुख ई मुनिन्द्र ठाकुरले अघिल्लो आर्थिक वर्ष २०७८/७९ सम्म मधेस प्रदेशका ९९ प्रतिशत बस्तीमा विद्युत् सेवा पुगेको जानकारी दिनुभयो। "बाँकी रहेको एक प्रतिशत घरमा चालु आर्थिक वर्ष २०७९/८० मा विद्युत पुऱ्याएपछि प्रदेशका शतप्रतिशत बस्तीमा विद्युतीकरण पुगेको छ", उहाँले भन्नुभयो।

प्रमुख ठाकुरले केही दिनमा प्रदेशलाई 'शतप्रतिशत विद्युतीयकरण प्रदेश'घोषणा गर्ने तयारी भइरहेको जानकारी दिनुभयो। प्रदेशका सबै गाउँबस्तीमा विद्युतीकरण सकिएपछि सिँचाइ कार्यक्रममार्फत किसानको खेतबारीसम्म विद्युत् पुऱ्याउने अभियान सुरु गरिएको उहाँले बताउनुभयो।

विद्युत् प्राधिकरणले चालु आर्थिक वर्षदेखि रू ५५ करोड बराबरको सिञ्चाइ पूर्वाधार कार्यक्रमका लागि स्थानीय सरकारसँगको सहकार्यमा सिँचाइ विद्युतीकरण सुरु गरेको छ। "उक्त कार्यक्रमअन्तर्गत स्थानीय सरकारले आफ्ना पालिकाभित्रका किसानलाई निःशुल्क बत्ती दिने र सिँचाइ बत्ती महसुलबापतको रकम स्थानीय तहले प्राधिकरणलाई बुझाइने व्यवस्था गरेको छ", प्रमुख ठाकुरले भन्नुभयो। हालसम्म सिँचाइ पूर्वाधार कार्यक्रमका लागि धनुषा, महोत्तरी, सर्लाही र रौतहट जिल्लाका ८० स्थानीय तहले निःशुल्क सिँचाइ बत्ती पुऱ्याउन निर्णय गरेर पठाएको उहाँले बताउनुभयो।

सिँचाइ मिटर प्रयोग गर्ने किसानलाई प्रतियुनिट रू दुईका दरले मात्र महसुल तिराउने नीति लिएर विद्युत् प्राधिकरणले सिँचाइ विद्युतीकरण सुदृढीकरण कार्यक्रमका लागि रू पाँच अर्ब बजेट छुट्याएको जनाएको छ।

प्राधिकरणले विद्युत् चुहावट नियन्त्रण अभियानअन्तर्गत हुकिङ नियन्त्रण, ग्राहकको बिलिङमा सुधार, लामो समयदेखि बन्द रहेको मिटर परिवर्तन र विद्युत् रिडिङमा सुधारलगायत कार्यक्रम सञ्चालन गर्दै आएको छ। उक्त कार्यक्रम पश्चात् प्राधिकरण सेवा विस्तार प्रणाली सुदृढीकरण भएको र निरन्तर विद्युत् चुहावट घट्दै गएको प्रमुख ठाकुरले जानकारी दिनुभयो।

मधेस प्रदेशमा गत आर्थिक वर्ष २०७७/७८ मा १६ दशमलव ५४ प्रतिशत विद्युत् चुहावट हुँदै आएकामा आर्थिक वर्ष २०७८/७९ मा १४ दशमलव १७ प्रतिशतमा चुहावट झरेको विद्युत् प्राधिकरण मधेस प्रदेश प्रादेशिक कार्यालय जनकपुरधामले जनाएको छ।

सबैभन्दा बढी सर्लाहीको मलङ्गवा र सिमरौनगढ क्षेत्रमा ४१/४१ प्रतिशत, महोत्तरीको जलेश्वर, रौतहटको मौलापुर तथा गौर क्षेत्रमा ३५/३५ प्रतिशत विद्युत् चुहावट हुँदै आएको थियो।

औद्योगिक ग्राहक धेरै रहेकाले बाराको सिमरा वितरण केन्द्रको विद्युत् चुहावट भने शून्य दशमलव ३२ प्रतिशत रहेको जनाएको छ। चुहावट नियन्त्रण अभियानका क्रममा हुकिङ गर्ने दुई हजार ४३ जनालाई पक्राउ गरी कारबाही गरिएको प्रादेशिक कार्यालय जनकपुरधामले जनाएको छ।

मधेस प्रदेशमा लामो समयदेखि विद्युत् महसुल नतिर्ने २२ हजार छ सय ६३ ग्राहकको विद्युत लाइन काटिँदा १८ हजार आठ सय २९ ग्राहकले पुनःविद्युत् जडान गराएका प्रमुख ई ठाकुरले बताउनुभयो। उहाँका अनुसार पुनःविद्युत् जडानबाट रू एक अर्ब ४३ लाख ४३ हजार एक सय १५ बक्यौता असुली भएको छ।

विद्युत् मिटर लिएर बिजुली उपभोग गर्ने तर लामो समयसम्म महसुल नबुझाउने प्रवृत्ति बढेकाले विद्युत् लाइन कट्टा गर्ने अभियान चलाएको प्रमुख ई ठाकुरको भनाइ छ। चालु आर्थिक वर्ष २०७९/८० को हालसम्म मधेस प्रदेशमा रू १४ अर्ब ३३ करोड मूल्य बराबरको विद्युत् बिक्री हुँदा रू १२ अर्ब ९३ करोड महसुल सङ्कलन भएको उहाँले जानकारी दिनुभयो।

"मधेस प्रदेशमा चालु आर्थिक वर्ष २०७९/८० मा ६१ हजार सात सय ६३ नयाँ ग्राहक थपिएका छन्। योसँगै प्रदेशमा ग्राहकको सङ्ख्या दश लाख ४४ हजार सात सय ८६ रहेका छन्", प्रमुख ठाकुरले भन्नुभयो। विसं २०७८ देखि अनलाइनबाट विद्युत् महसुल बुझाउनका लागि अनलाइन सेवा सुरु गरेको उहाँले जानकारी दिनुभयो। उहाँका अनुसार कुल ग्राहकमध्ये हाल २६ प्रतिशतले अनलाइन सेवामार्फत विद्युत महसुल तिर्दै आएका छन्।

# 'साइबरक्राइम' र 'चेक बाउन्स' मुद्दा जिल्ला अदालतबाटै किनारा

काठमाडौँ, ७ असार (रासस)।

अब साइबरक्राइम र चेक बाउन्सका मुद्दा जिल्ला अदालतबाटै किनारा लाग्ने भएको छ। सरकारले सीमित अदालतले हेर्दै आएको मुद्दामा जिल्ला अदालतमै सुरु, कारबाही र किनारा हुनेगरी निर्णय गरेपछि उक्त मुद्दाका काम, कारबाहीमा पीडित तथा सम्बद्ध अधिकारीका लागि सहज बनेको छ।

नेपाल प्रहरीले सरकारले गरेको निर्णयले पीडितको सास्ती अली कम हुने र प्रहरीलाई पनि होलो हुने बताएको छ। उच्च अदालत पाटनले पनि चेक 'बाउन्स'को मुद्दा जिल्लामा जाने भएपछि धेरै होलो हुने जनाएको छ। उच्च अदालत पाटनका उपरजिस्ट्रार एवं प्रवक्ता मन्दिरा शाही उच्च अदालतमा चेक बाउन्सका मुद्दा करिब ८५ प्रतिशत नै आउने गरेको बताउनुभयो। अब यो मुद्दा जिल्लामा जाने भएपछि उच्च अदालतलाई धेरै होलो हुने उहाँले जानकारी दिनुभयो।

यही असार ५ गते बसेको मन्त्रिपरिषद् बैठकले उक्त निर्णय गरेको हो। विद्युतीय (इलेक्ट्रोनिक) कारोबार ऐन, २०६३ को दफा ६० को उपदफा (५) बमोजिम सोही ऐनको परिच्छेद, ९ मा उल्लेख भए बमोजिमका कसुरको सुरु कारबाही र किनारा गर्ने अधिकार तथा बैकिङ कसुर तथा सजाय ऐन, २०६४ को दफा १७ को उपदफा (१) बमोजिम सोही ऐनको दफा ३ को खण्ड (ग) बमोजिमको कसुरको सुरु, कारबाही र किनारा गर्ने अधिकार सबै जिल्ला अदालतलाई तोक्ने गरी यही ५ गतेको मन्त्रिपरिषद् बैठकले निर्णय गरेको हो।

उक्त निर्णयसँगै अब काठमाडौँ जिल्ला अदालतमा मात्रै हेरिँदै आइएको साइबर अपराधको मुद्दा हरेक जिल्ला अदालतले हेर्न पाउनेछ। यस्तै उच्च अदालतले मात्रै हेर्दै आएको चेक बाउन्सको मुद्दा पनि जिल्ला अदालतको क्षेत्राधिकारभित्र परेको छ। अब उक्त मुद्दा दर्ता गर्न उच्च अदालत र काठमाडौँ जिल्ला अदालतमा मात्रै धाइरहनुपर्ने बाध्यता हटेको छ। यसले उच्च अदालत र काठमाडौँ जिल्ला अदालतलाई मुद्दाको चाप कम पर्नेछ भने पीडित तथा प्रहरीलाई सीमित क्षेत्रमा धाइरहनुपर्ने समस्या कम भएको छ।

यसअघि कुनै जिल्लामा साइबर अपराधको मुद्दा दर्ता गर्न काठमाडौँ जिल्ला अदालत नै आउनुपर्ने बाध्यता थियो। यसका लागि प्रहरीको साइबर ब्युरोमार्फत मुद्दाको अनुसन्धान हुने गर्दथ्यो। अब मन्त्रिपरिषद्को उक्त निर्णयपछि सर्वसाधारण साइबर अपराधका मुद्दामा काठमाडौँ नै आउनुपर्ने सास्तीबाट मुक्त भएका छन्।

कानुन, न्याय तथा संसदीय मामिला मन्त्रालयको प्रस्तावमा मन्त्रिपरिषद्ले उक्त निर्णय गरेको सरकारका प्रवक्ता एवं सञ्चार तथा सूचना प्रविधिमन्त्री रेखा शर्माले जानकारी दिनुभएको हो।

बैकिङ कसुर ऐनको दफा ३ (ग) मा 'आफ्नो खातामा मौज्दात रकम नभएको जानीजानी चेक काटिदिने' भन्ने बाक्य रहेको छ। त्यो भनेको चेक बाउन्सको मुद्दा हो। उक्त मुद्दा उच्च अदालतमा मात्रै हेरिँदै आएको थियो। मन्त्रिपरिषद्को उक्त दफा तोकेरै निर्णय गरेसँगै अब चेक बाउन्सको मुद्दा जिल्ला अदालतबाटै सुरु, कारबाही र किनारा हुनेछ।

यसअघि साइबर अपराधका मुद्दा काठमाडौँ जिल्ला अदालतबाटै चल्ने गर्दथ्यो। यसले साइबर ब्युरोलाई पनि बढी दबाब थियो भने नागरिक मुद्दा चलाउन ठूलो सास्ती बेहोरेर काठमाडौँ आउनुपर्ने बाध्यता थियो।

जिल्ला अदालतबाट सुरु, कारबाही र किनाराको व्यवस्था भएपछि त्यो ब्युरोलाई पनि होलो हुने र जिल्लाबाट मुद्दा चल्ने हुँदा नागरिकले पनि सास्ती खेप्नु नपर्ने साइबर ब्युरोका प्रहरी उपरीक्षक पशुपतिकुमार रायले बताउनुभयो। एकै ठाउँमा मुद्दा चल्दा बढी पाँच हुने र अनुसन्धानमा समेत समस्या हुँदै आएको ब्युरोले जनाएको छ।

यता चेक बाउन्सको विषय उच्च अदालतमा मात्रै चल्ने गरेकामा अब मन्त्रिपरिषद्को निर्णयले जिल्लामै मुद्दा दर्ता गर्न पाउने व्यवस्था भएपछि उच्च अदालत धाउनुपर्ने समस्या टरेको जिल्ला प्रहरी परिसर काठमाडौँका प्रमुख प्रहरी वरिष्ठ उपरीक्षक दानबहादुर कार्कीले बताउनुभयो।

उहाँले भन्नुभयो, "एउटा प्रदेशमा एउटा उच्च अदालत हुन्छ, टाढाको जिल्लाको मान्छे प्रदेशमा जान गाह्रो हुन्छ, प्रहरीलाई पनि अनुसन्धान गर्नुभन्दा जान र आउन मात्रै समय जान्थ्यो, अब सबै जिल्लाबाट चल्ने भएपछि त्यो समस्या हटेको छ।"

उहाँका अनुसार पछिल्लो समयमा चेक बाउन्सका मुद्दा धेरै दर्ता हुने गरेको छ। यसले प्रहरी कार्यालयलाई पनि मुद्दाको अनुसन्धानमा चाप हुँदै आएको छ। जिल्ला अदालतले मुद्दा नहेर्दा उच्च अदालतमा जानुपर्ने अवस्था थियो। सो कारण उच्च अदालतमा समेत मुद्दाको चाप बढी हुने गरेको थियो।

*नयाँ आवधिक ...*

लिनुपर्ने, कृषि लगायतका उत्पादनलाई बढाउने नीति अवलम्बन गर्नुपर्ने लगायतका सुझाव विज्ञबाट आएका छन्।

बुधबारदेखि सुरु भएको छलफल शुक्रबारसम्म चल्ने आयोगका प्रवक्ता सुमन दाहालले जानकारी दिनुभयो। प्रवक्ता दाहालका अनुसार अवधारणापत्र तयार भएपछि त्यसका आधारमा प्रदेश तहमा समेत छलफल र अन्तरक्रिया गर्ने आयोगको तयारी रहेको छ।

## विश्व समाचार

### भारत-अमेरिका साझेदारीले दिगो, समावेशी विश्वव्यापी वृद्धिको लागि चालु इन्जिनको रूपमा काम गर्ने :प्रधानमन्त्री मोदी

भर्जिनिया, ७ असार (रासस/एएनआई)।

भारत र संयुक्त राज्य अमेरिका बीचको साझेदारीले दिगो र समावेशी विश्वव्यापी वृद्धिका निम्ति चालु इन्जिनको रूपमा काम गर्ने भारतका प्रधानमन्त्री नरेन्द्र मोदीले बताउनुभएको छ।

अमेरिकाको भ्रमणमा रहनुभएका प्रधानमन्त्री मोदीले बुधबार नेशनल साइन्स फाउन्डेशनमा 'भविष्यका लागि सीप' कार्यक्रमलाई सम्बोधन गर्दै सो टिप्पणी गर्नु भएको हो।

प्रधानमन्त्री मोदीले दुई देशबीचको बढ्दो गतिलाई कायम राख्न प्रतिभाको व्यवस्थापन र आदानप्रदानको आवश्यकतामा जोड दिनुभएको छ।

"विकासको गतिलाई कायम राख्न भारत र अमेरिकालाई प्रतिभाको पाइपलाइन आवश्यक छ। एकातिर अमेरिकासँग उच्चस्तरीय शैक्षिक संस्था र उन्नत प्रविधि छन्, अर्कोतर्फ भारतमा विश्वको सबैभन्दा ठूलो युवा कारखाना छ। त्यसैले मलाई विश्वास छ - भारत-अमेरिका साझेदारी दिगो र समावेशी विश्वव्यापी वृद्धिका निम्ति चालु इन्जिन साबित हुनेछ," प्रधानमन्त्री मोदीले भन्नुभयो।

यसअघि बुधबार वाशिङ्टन डिसी पुग्नुभएका प्रधानमन्त्री मोदीलाई एयरबेसमा औपचारिक स्वागतका साथै गार्ड अफ अनर दिइएको छ। प्रधानमन्त्री मोदी त्यसपछि अमेरिकी राष्ट्रपति जो बाइडेन र प्रथम महिलाले आयोजना गर्नु भएको राजकीय रात्रिभोजमा सहभागी हुने कार्यक्रम छ।

प्रथम महिला जिल बाइडेनको साथमा प्रधानमन्त्री मोदीले भर्जिनियाको अलेक्जान्ड्रियामा रहेको नेशनल साइन्स फाउन्डेशनको भ्रमण गर्नु भएको हो। सो अवसरमा उहाँहरूले महत्त्वपूर्ण उद्योगमा सफल पार्नका लागि सान्दर्भिक सीप हासिल गरिरहेका दुवै देशका विद्यार्थीसँग कुराकानी गर्नु भएको थियो।

सो अन्तरक्रियामा नयाँ शिक्षा नीति लागू गर्ने, शिक्षा र सीपलाई एकीकृत गर्ने जस्ता विद्यार्थीको उज्वल भविष्य सुरक्षित गर्न भारत सरकारले गरेका पहल माथि प्रकाश पारिएको थियो।

विद्यार्थीको उज्ज्वल भविष्यका लागि भारत सरकारले गरेको कामको चर्चा गर्दै प्रधानमन्त्री मोदीले नयाँ शिक्षा नीति ल्याइएको र शिक्षा र सीपलाई एकीकृत गर्ने योजना बनाएको बताउनु भएको छ। स्किल इन्डिया अन्तर्गत भारतले आर्टिफिसियल इन्टेलिजेन्स, ब्लकचेन, ड्रोनको क्षेत्रमा "१५ अर्ब मानिस"लाई दक्ष बनाएको छ।

उहाँले विद्यालयमा भारत सरकारले १० हजार अटल टिङ्करिङ ल्याब स्थापना गरी बालबालिकालाई आविष्कारमा सङ्लग्न हुने सुविधा उपलब्ध गराएको पनि जानकारी दिनुभएको छ।

प्रधानमन्त्री मोदीले अमेरिकी विद्यार्थीलाई भारत आउन आग्रह गर्दै अमेरिकाका सयौं शिक्षक पहिले देखिनै भारतमा रहेको र प्राविधिक साझेदारीमा भाग लिइरहेको बताउनु भएको छ।

भारत-अमेरिका शिक्षक आदानप्रदान कार्यक्रमको प्रस्ताव गर्दै प्रधानमन्त्री मोदीले भन्नुभयो, "हामी भारत-अमेरिका शिक्षक आदानप्रदान कार्यक्रम शुरु गर्ने बारे सोच्न सक्छौं। वैज्ञानिकको सङ्लग्नता बढाउन यो अत्यन्तै सान्दर्भिक छ।"

### चीनद्वारा अमेरिकालाई अपराधीको आश्रयस्थल नबन्न अनुरोध

बेइजिङ, ७ असार (रासस/सिन्ह्वा)।

चीनले अमेरिकालाई आफ्नो अन्तरराष्ट्रिय जिम्मेवारी पूरा गर्न र अपराधीको सुरक्षित आश्रयस्थलमा परिणत हुनबाट रोक्न आग्रह गरेको छ।

परराष्ट्र मन्त्रालयका प्रवक्ता माओ निङले बुधबार आयोजित नियमित पत्रकार सम्मेलनमा दुई चिनियाँ नागरिकलाई अमेरिकामा मङ्गलबार सजाय दिइएको र जबरजस्ती चीन फिर्ता पठाएको बारेका जिज्ञासा राख्दा उक्त टिप्पणी गर्नु भएको हो।

"सीमापार अपराध विरुद्ध लड्न, भ्रष्ट भगौडालाई स्वदेश फिर्ता गर्ने र गैरकानुनी आम्दानीलाई नियन्त्रणलगायतका विषय अन्तरराष्ट्रिय समुदायले व्यापकरूपमा मान्यता दिएको विषय हो र यो न्यायोचित पनि हो," माओले भन्नुभयो।

विश्वका कुनै पनि देशसँग चीनको कानुन प्रवर्तन सहयोग अन्य देशको कानुन र न्यायिक सार्वभौमसत्ताको पूर्णसम्मान गर्दै, अपराधी संदिग्ध व्यक्तिको कानुनी अधिकार र हितको रक्षा गर्ने प्रतिबद्धताको साथ अन्तरराष्ट्रिय कानूनको कडाइका साथ सञ्चालन गरिने पनि माओले प्रतिबद्धता व्यक्त गर्नुभएको छ।

"सम्बन्धितकार्य पूर्णतया न्यायोचित छ। अर्कोतर्फ अमेरिकाले तथ्यहरूलाई बेवास्ता गर्ने गरेको छ, जानाजानी चीनको प्रयासलाई भयावह चीजको रूपमा विकृत गरेको छ र न्यायिक कारबाही पनि फरक ढङ्गले गरेको छ। चीन यसको कडा विरोध गर्दछ," माओले भन्नुभएको छ।

उहाँले अमेरिकालाई आफ्नो गल्ती तुरुन्त सच्याउन, अन्तरराष्ट्रिय सङ्गठित अपराध विरुद्धको संयुक्त राष्ट्रसङ्घ महासन्धि, भ्रष्टाचार विरुद्धको संयुक्त राष्ट्रसङ्घ महासन्धि र अन्य अन्तरराष्ट्रिय सन्धि अन्तर्गत आफ्नो दायित्व पूरा गर्न आग्रह गरेको छ साथै आफ्नो अन्तरराष्ट्रिय जिम्मेवारी पूरा गर्न पनि उहाँले अमेरिकाको ध्यानाकर्षण गर्नु भएको छ।

# खडक वारियर्स र छिन्नमस्ता लायन्स विजयी



**दैनिक समाचारदाता**
**राजविराज, ७ असार ।**

राजविराजमा जारि सप्तरी प्रिमियर लिग अन्तर्गत पाँचौ दिन सम्पन्न खेलमा बजाज खडक वारियर्स र छिन्नमस्ता लायन विजयी भएका छन् ।

बजाज खडक वारियर्सले बलान बिहुल सुपर किंग्सलाई १ विकेटले पराजित गरेको छ भने अर्को खेलमा छिन्नमस्ता लायनले कन्चनरुप राइनोजलाई २५ रनले पराजित गर्यो ।

पब्लिक विन्देश्वरी मैदानमा सम्पन्न खेलमा बलान बिहुलले दिएको १ सय ४४ रनको लक्ष्य खडक वारियर्सले २ बल बाँकी हुँदा ९ विकेट गुमाएर पुरा गर्यो । बजाज खडक वारियर्सको ब्याटिंगमा तेश्रो नम्बरमा ब्याटिंग गरेका सन्दिप रजालीले सर्वाधिक ८१ रन बनाए । प्लेयर अफ द म्याच घोषित उनले ४३ बलमा ७ चौका र ६ छक्का प्रहार गरे। साहिल पटेल र अनिल यादवले समान १२ रन बनाए । दशौँ विकेटको लागि अनिल यादव र गोमानन्द अमात्य बीच २१ रनको अविजित साझेदारी हुँदा बलान बिहुल जितबाट बन्चित रह्यो ।

बलान बिहुलको बलिंगमा रोबिन सिंहले ३ तथा रुपेश सिंह र बसिर अहमदले २/२ विकेट लिएता पनि जित्न पर्याप्त रहेन । यस अघि टस हारेर ब्याटिंग गरेको बलान बिहुलले निर्धारित २० ओभरमा ९ विकेट क्षेतीमा १ सय ४३ रन बनायो। उसको लागि बिसाल यादवले २४, कप्तान पवन सर्राफले २२, रोबिन सिंहले १५ तथा हसिम अन्सारीले १४ रन बनाए । खडक वारियर्सका बलर बिबेक यादवले ३ तथा अनिल खरेल र गोमानन्द अमात्यले १/१ विकेट लिए ।

अर्को खेलमा छिन्नमस्ताले दिएको १ सय ४४ रनको लक्ष्य पछ्याएको कन्चनरुपले १८.४ ओभरमा १ सय १८ रनमा सबै विकेट गुमायो । कन्चनरुपको लागि अमित यादवले ३९ तथा पप्पु यादवले २६ रन बनाए । छिन्नमस्ताका बलर इमरान शेखले ४ विकेट तथा कमल खत्रीले ३ विकेट लिए । प्लेयर अफ द म्याच घोषित शेखले ४ ओभरमा २१ रन खर्चिए । पप्पु यादव, शरद भेसावकर र रेवती रोयले १/१ विकेट लिए ।

यस अघि टस हारेर ब्याटिंग गरेको छिन्नमस्ता लायन्सले निर्धारित २० ओभरमा ८ विकेट क्षेतीमा १ सय ४३ रन बनायो । उसको लागि शुभ कंसाकार र हिमांशु दत्ताले समान ३५ रन बनाए । पप्पु यादवले १७ तथा राहुल मण्डलले १५ रन बनाए । कन्चनरुप राइनोजका बलर पप्पु यादवले ३ तथा राशिद खानले २ विकेट लिए ।

तीन वटै खेलमा शत प्रतिशत जितपछि बजाज खडक वारियर्स ६ अंक सहित अंकतालिकाको शिर्षमा छ । यस्तै ३ खेलमा दोश्रो जित पछि छिन्नमस्ता ४ अंक सहित दोश्रो स्थानमा छ । समान नतिजा र अंक सहित रुपनी राइडर्स नेट रन रेटको आधारमा तेश्रो स्थानमा छ। तेश्रो खेल खेल्दा दोश्रो हार पछि कन्चनरुप २ अंकसहित चौथो र समान नतिजा र अंक रहेको बलान बिहुल पाँचौ स्थानमा छच । सबै तिन खेलमा हार बेहोरेको राजविराज द किंग पुछारमा छ ।

# बजेट कार्यान्वयनको पूर्वतयारीमा जुट्यो अर्थ मन्त्रालय

काठमाडौँ, ७ असार (रासस) ।

अर्थ मन्त्रालयले आर्थिक वर्ष २०८०/८१ को बजेट कार्यान्वयनका लागि पूर्वतयारी सुरु गरेको छ । चालु आर्थिक वर्षको बाँकी अवधिमा गर्नुपर्ने सार्वजनिक खर्चको व्यवस्थापन र आगामी आर्थिक वर्षको बजेट कार्यान्वयनका लागि गर्नुपर्ने पूर्वतयारीका सम्बन्धमा अर्थ मन्त्रालयले बिहीबार अरू विषयगत मन्त्रालयका सचिवहरूसँग छलफल गरेको छ ।

छलफलका क्रममा अर्थमन्त्री डा प्रकाशशरण महतले चालु आर्थिक वर्षमा स्रोतको अवस्था हेरी सिर्जित दायित्व भुक्तानीलाई प्राथमिकता दिन सबै मन्त्रालयका सचिवहरूलाई आग्रह गर्नुभयो । उहाँले आगामी आर्थिक वर्ष २०८०/८१ को बजेट कार्यान्वयन गर्न अहिलेदेखि नै ठोस कार्ययोजनासहित समय तालिका बनाएर अगाडि बढ्नसमेत सचिवहरूलाई निर्देशन दिनुभयो ।

“आगामी आर्थिक वर्षको बजेटमा समावेश भएका बजेट प्रणाली सुधारका कार्यक्रमहरूको कार्यान्वयनमा दृढ भई तयारी थाल्नुस् । बजेट प्रस्तावमा जे प्रतिबद्धता भएको छ त्यो कार्यान्वयन हुन्छ”, सचिवहरूलाई निर्देशन दिनुहुँदै अर्थमन्त्री महतले भन्नुभयो ।

मन्त्रालयमा भएको छलफलमा राष्ट्रिय योजना आयोगका उपाध्यक्ष डा मीनबहादुर श्रेष्ठ र मुख्यसचिव डा वैकुण्ठ अर्यालले पनि बजेट कार्यान्वयनको पूर्वतयारीमा जुट्न निर्देशन दिनुभयो । बैठकमा अर्थ मन्त्रालयका तर्फबाट चालु र आगामी आर्थिक वर्षको बजेट कार्यान्वयनका सम्बन्धमा भएको प्रस्तुतिउपर मन्त्रालयका सचिवहरूले आ-आफ्नो धारणा राख्नुभएको थियो ।

# दुई महिनादेखि बन्द उदयपुर सिमेन्ट उद्योग सञ्चालनमा

उदयपुर, ७ असार (रासस) ।

उदयपुर जिल्लाको त्रियुगा नगपालिका- ५ जलजलेमा रहेको नेपाल सरकारको पूर्ण स्वामित्वमा रहेको उदयपुर सिमेन्ट उद्योग बुधबारदेखि पुनःसञ्चालनमा आएको छ ।

कोइलालगायतका कच्चा पदार्थको अभाव, व्यवस्थापन र मजदुरबीचको विवादले कर्मचारीको आन्दोलनका कारण बन्द भएको सो सिमेन्ट उद्योग दुई महिनापछि बुधबार पुनःसञ्चालनमा आएको उद्योग व्यवस्थापन समितिका अध्यक्ष केशवकुमार बस्नेतले बताउनुभयो ।

बुधबार बिहान ७ बजेदेखि उद्योग सञ्चालनमा आएको र अब नियमित उत्पादन र बजारीकरण जारी रहने अध्यक्ष बस्नेतले बताउनुभयो । दुई महिनासम्म उद्योग बन्द हुँदा रु २० करोडभन्दा बढी घाटा व्यहोर्नु परेको पनि अध्यक्ष बस्नेतले बताउनुभयो ।

### नागरिकता ऐन ...

आदेश जारी गरेको थियो ।

गत जेठ १७ मा राष्ट्रपति रामचन्द्र पौडेलले विधेयक प्रमाणीकरण गर्नुभएको थियो । उक्त प्रमाणीकरणको विरुद्धमा वरिष्ठ अधिवक्ता सुरेन्द्र भण्डारी र बालकृष्ण न्यौपानेले सर्वोच्च अदालतमा रिट दर्ता गराउनुभएको थियो ।

## लम्पी स्किन रोगबारे अत्यन्त जरुरी सूचना

देशैभरि लम्पी स्किन रोगको प्रकोप फैलिएको छ । यो रोग झिंगा (डाँस), भुसुना, लामखुट्टे किर्नाको टोकाइबाट सर्ने सङ्क्रामक रोग हो । गाई, भैसीको छालामा साह्रो गिर्खा देखिने र उच्च ज्वरो आउने गर्दछ । दूध समेत उत्पादन घट्छ ।

**रोग देखिएका गाई-भैंसीलाई गरिने प्राथमिक उपचार :**

- ज्वरो घटाउनका लागि पारासिटामोल (वा मेलोकिसकेम) प्रयोग गर्ने
- फुटेको तथा आलो घाउ सफा गरी एन्टिसेप्टिक मलहम प्रयोग गर्ने
- रोगका कारण सिथिल भएको पशुलाई आवश्यकता अनुसार सलाइन दिने
- शरीरमा गिर्खाको संख्या अत्याधिक भएका पशुमा आइभरमेक्टिन सुई लगाउने
- घाउ पाकेको अवस्थामा प्राविधिकको सल्लाह अनुसार एन्टिवायोटिक्सको सुई लगाउने

**रोग लागेका गाई-भैसीको हेरचाह :**

- बथानबाट छुट्याएर अलग्गै राख्ने, ज्वरो आएको पशुलाई जोत्ने, गाडा तान्ने काममा नलगाउने
- प्रशस्त मात्रामा सफा पानी खान दिने, पातलो कुंडो वा नरम घाँस दिने, दाना, पानी राम्ररी नखाने पशुलाई सख्खर पानी वा गुँड पानी खुवाउने
- गोठमा झिंगा, भुसुना, लामखुट्टे, भुसुना तथा लाग्न नदिन स्प्रे गर्ने, गोठ तथा वरिपरी झाडी सफा गर्ने, गोठ फिनेलको घोलले सफा गर्ने, गोठमा अनावश्यक आवतजावत गर्न नदिने, रोगी पशुलाई सामुहिक चरणमा नलैजाने ।

**मधेश प्रदेश सरकार**
**आमसञ्चार प्राधिकरण**


**डा. कालीप्रसाद यादव**
MBBS, MD Internal Medicine (NAMS Bir Hospital, Kathmandu) NMC NO. 13203
**कन्सलटेन्ट फिजिसियन**
मधुमेह (चिनी रोग), प्रेशर, मुटु रोग, दम तथा श्वासप्रश्वास, कलेजो, मृगौला, छाती, पेट, थाईराईड तथा नशा रोग
हाल कार्यरत : गजेन्द्र नारायण सिंह अस्पताल, राजविराज
**डा. रिपला आचार्य**
MBBS, MD (BPKIHS) NMC NO. 19992
**छाला, यौन तथा कुष्ठरोग विशेषज्ञ**
डण्डीफोर, कपाल झर्ने, एलर्जीदाद, ढुसीदाद, चायापोतो तथा दागहरु, सेतोदुबी
यहाँ हरेक किसिमका छाला, नङ्ग, कपाल, ओठ, मुख तथा यौन अंगमा भएका समस्याको सफल उपचार गरिन्छ ।
**सम्पर्क स्थान : जय श्री कृष्ण फार्मेसी**
हनुमाननगर रोड, राजविराज, ९८१९७२१५२६, ९८१७७८१९८७



देश विदेशबाट पठाइएको रकम तुरुन्त भुक्तानी लिनका लागि सम्झनुहोस् ।
हाम्रो सेवाहरु
ipay remit
CITY EXPRESS MONEY TRANSFER
Best Remit Quick & Easy
prabhu Money Transfer प्रभुको इच्छा
रकम पठाउन तथा पाउनका लागि भरपर्दो माध्यम
IME International Money Express
himal remit हिमालरेमिट
CG Money
**नेपाल सहकारी संस्था लि.**
राजविराज ४, फोन नं. ०३१-५३१०९६


**प्रकाशक** : नवीनकुमार गुप्ता (९८५२८२०५८४, ९८०३२८३११५), **सम्पादक** : अनिलकुमार अनल (९८४२८३४९१७), **सहसम्पादक** : दीपककुमार गुप्ता (९८४१५१३२९९), **लेआउट** : संजय शेखर, **मुद्रण** : न्यू नवीन प्रेस, राजविराज, फोन : ०३१-५३०७६८ (कार्यालय), **इमेल** : *rajbirajdainik@gmail.com*, **वेवसाइट** : *rajbirajdainik.com.np*